# मैवाखोला गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८२

मैवाखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ्ग, कोशी प्रदेश, नेपाल

# शुभकामना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा एक उपक्रम थियो र यसको सम्पन्नतामा सबैले आफ्नो समय, अन्तरदृष्टि र सल्लाहहरु नदिएको भए सम्भव हुने थिएन । यस कामको लागि खटिएको टोलिले जुन नेतृत्वदायी भुमिका निर्वाह गऱ्यो यसको लागि हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी हाम्रो गाउँपालिकाका उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरुले सक्रिय सहभागिता, गहकिला सुझाव सल्लाहहरुको प्रस्तुती, अन्तवार्ता तथा आवश्यक तथ्यांक उपलव्ध गराउँनु भयो, यो सबै कामको लागि म सबैलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हामी बिच प्रशस्त विभेद र असमानताहरु छन् । ती सबै कुरा हामीले भोगेका, अनुभव गरेका र असरहरुको सामना गरीरहेको अवस्था हो । असमानता, अवरोध र अवसरहरु पहिचान गरी कार्यक्रम चक्रभित्र समग्र सुधारको लागि सिफारिस गर्न जुन अध्ययन, अनुसन्धान र पहिचान गर्ने काम भएको छ, त्यो आफैमा प्रशंसनीय छ । यो रणनीति योजना बहुचरण प्रकृयामा तयार पारिएको छ, जसमा गाउँपालिकाको बिद्यमान अवस्थाको समिक्षा गर्दै र आवश्यक तथ्यांक संकलन गरी प्राप्त तथ्यांक र सुझावहरुलाई विश्लेषण एवं समावेश गरी यो रणनीति योजना तर्जुमा गरिएको हुँदा यसको व्यवहारिक पक्ष अत्यन्त वलियो रहेको महशुस भएको छ । गाउँपालिकाको योजना तर्जुमा प्रकृयाबाट नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखी नतिजामुखी र सफल कार्यान्वयनका लागि मैवा खोला गाउँपालिका प्रतिबद्ध छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयन मार्फत गाउँपालिकाको समग्र विकास प्रकृया र प्रयासहरु नागरिकको प्रसंशाको बिषय बन्ने छ भन्ने अपेक्षा पनि लिएको छु ।

विजय प्रकाश वनेम
अध्यक्ष
मैवाखोला गाउँपालिका, ताप्लेजुङ्ग जिल्ला

## मेरो भनाइ

लैंगिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण गाउँपालिकाको लागि एक महत्वपुर्ण कार्य हो जसले लैससास रणनीति योजना तर्जुमा गर्नमा ठोस रुपमा सहयोग पुऱ्याउँदछ । समग्र विकास प्रकृयालाई कसरी लैससास मैत्री बनाउँन सकिन्छ भन्ने कुरा आफैमा महत्वपुर्ण छ । जातजाति, अशक्त, महिला, बालिबालिका, जेष्ठ नागरिक, दलित, गरिब र सिमान्तकृतहरुको मुल प्रवाहिकरण र पहुँच अभिबृद्धि बिना कुनै पनि विकासको नतिजाले सामाजिक न्याय गरेको ठहरिदैन । हाम्रो योजना तर्जुमा प्रकृयामा विद्यमान शक्ति सन्तुलन र निर्णय गर्ने ढाँचामा परिवर्तन गरी महिला, पुरुष, वालबालिका, जातजाति, अशक्त अपांगता, सिमान्तकृतजस्ता वर्गको निर्णायक तहमा भूमिका सुनिश्चित गरी परिवार, समाज र देशको रुपान्तरणमा योगदान गर्न पुर्ण सहभागिता र आत्मा सम्मानको वातावरण बनाउन जरुरी भैसकेको छ । यस प्रकारको परिवर्तन र परिणामले मात्र देशको भौतिक, मानविय, बौद्धिक, वित्तिय र सामाजिक विकासलाई टेवा पुग्दछ ।

हाम्रा साम्ु उपरोक्त सवालहरु निस्कर्ष बिहिन अवस्थामा छन् जसले विकासलाई पछाडी धकेलिरहेको छ भने दिगो विकास केवल कल्पनामा मात्र सिमित रहेको देखिन्छ । पुरातनवादी सोच, कुसंस्कार र सामाजिक मान्यताहरु ठूला वाधकको रुपमा पहाड भ्कै उभिएका छन् । हाम्रा सामु देखिएका चुनौतिहरुको निराकरण गरी नतिजामुखी रुपमा परिवर्तन गर्न हामीले ठोस कदम चाल्न ढिला भएकै हो । आज भन्दा पनि अरु ढिला गऱ्यौ भने हामीले पश्चाताप गर्नुको विकल्प रहदैन । यसर्थ, लैससास मैत्री विकास सुनिश्चित गर्न र दिगो विकास लक्ष्यलाई टेवा दिन लैससास रणनीति योजना तर्जुमा गरी सफल र प्रभावकारी कार्यान्वयनको समेत योजना तर्जुमा गर्नु पर्दछ । गाउँपालिका भित्रका सहयोगी हातहरुको पहिचान गरी अर्थपुर्ण परिवर्तका लागि आजैबाट काम शुरु गरौं भन्ने अनुरोध गर्न चाहान्छु ।

कमल कुमारी लिम्बु
उपाध्यक्ष
मैवाखोला गाउँपालिका, ताप्लेजुङ्ग जिल्ला

## सन्देश

केन्द्रिकृत राज्य सत्तालाई नगरिकको आवश्यकता अनुसार, नागरिकले चाहे बमोजिम र जनताको सुविधा होस भन्ने मुल उद्धेश्यका साथ सम्पुर्ण संरचना बिकेन्द्रिकृत गरि स्थानीय तहमा समावेश गरेको छ । स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्वासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । स्थानीय तहमा योजना तर्जुमा गर्दा वा कुनै पनि परियोजना संचालन गर्दा 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको ठुलो भुमिका हुन्छ । 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको सहि मानेमा उपयोग गर्न सके दिगो विकासका लक्ष्यहरु हासिल गर्न सजिलो हुनेछ । स्थानीय स्तरको माग र आवश्यकतालाई ध्यानमा राखी मैवा खोला गाउँपालिकाले संचालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा लैससाससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८२' तयार गरी प्रकाशित गर्न लागेका छौ ।

यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरू सहित निरन्तर सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकार कर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरू प्रति आभार व्यक्त गर्दछु ।

लक्ष्मिमाया गोम्देन
प्रमुख प्रशासकीय अधिकृत
मैवाखोला गाउँपालिका, ताप्लेजुङ्ग

## विषयसूची

१. पृष्ठभूमि .................... ९
२. नाम र प्रारम्भः यस रणनीतिको नामः .................... १०
३. परिभाषाः .................... १०
४. लैससास सम्बन्धी कानूनी प्रावधानहरु .................... १३
४.१.नेपालको संबिधानले गरेको संबैधानिक व्यबस्था .................... १३
४.२ राष्ट्रिय योजना आयोग .................... १४
४.३. पन्ध्रौ योजना .................... १४
४.४. सोह्रौ पञ्चबर्षिय योजना .................... १४
४.५. स्थानीय सरकार संचालन ऐन .................... १५
४.६. बिषयगत मन्त्रालयहरु .................... १५
४.७. दीगो विकास लक्ष्य .................... १६
५. गाउँपालिकाको संक्षिप्त परिचयः .................... १६
५.१. भौगोलिक अवस्थिति .................... १६
५.२. राजनीतिक तथा प्रशासनिक विभाजन .................... १७
५.३. जातजाति र धर्म .................... १७
५.४. कृषि तथा पशुपंक्षीपालन .................... १८
५.५ बैङ्क, सहकारी तथा वित्तीय संस्था .................... १८
५.६. पर्यटन विकास .................... १८
५.७. शिक्षा क्षेत्र .................... १८
५.८.स्वास्थ्य क्षेत्र .................... १९

५.९. खानेपानी तथा सरसपफाइ ..... १९

५.१०. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ..... १९

५.११. युवा तथा खेलकुद ..... २०

५.१२. ग्रामीण विकास तथा वस्ती व्यवस्थापन ..... २०

५.१३. सिँचाइ ..... २०

५.१४. विद्युत तथा नवीकरणीय ऊर्जा ..... २०

५.१५. सडक, यातायात तथा पुलपुलेसा ..... २१

५.१६. सूचना तथा सञ्चार प्रविधि ..... २१

५.१७. वन तथा जैविक विविधता ..... २१

५.१८. भू तथा जलाधार व्यवस्थापन ..... २२

५.१९. वातावरण तथा स्वच्छता ..... २२

५.२०. विपद व्यवस्थापन ..... २२

५.२१. संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह ..... २२

६. बिधी तथा प्रकृया ..... २३

७. गाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु ..... २३

८.लैससास रणनीतिको औचित्यताः ..... २६

९. दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्धेश्य ..... २६

१०. नीति ..... २७

११. रणनीति ..... २८

११.१ मूलप्रवाहिकरणः ..... २८

११.२ सशक्तिकरणः ..... २८

११.३ क्षमता बिकासः ........................................................................ २८

११.४ समन्वय, सहकार्य र सहजीकरणः ........................................................ २८

११.५ अनुगमन तथा मूल्यांकनः .................................................................. २९

१२. कार्यनीति ........................................................................ **२९**

१२.१ कार्यनीति (रणनीति ११.१ सगं सम्बन्धित) .................................................. २९

१२.२ कार्यनीति (रणनीति ११.२ संग सम्बन्धित)................................................... ३०

१२.३ कार्यनीति (रणनीति ११.३ संग सम्बन्धित) .................................................. ३५

१२.४ कार्यनीति (रणनीति ११.४ संग सम्बन्धित) .................................................. ३६

१२.५ कार्यनीति (रणनीति ११.५ संग सम्बन्धित)................................................... ३७

१३. रणनीति पुनरावलोकन तथा सुधार........................................................ **३८**

१४. बाधा अडचन फुकाउने ........................................................................ **३८**

१५. अवस्था विश्लेषण ........................................................................ **३८**

१६. रणनीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरूः.............................................. **४४**

१७. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था :............. **४७**

१७.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :..................... ४७

१७.२ गाउँपालिको भूमिका : ........................................................................ ४७

१७.३. वडा कार्यालय भूमिका........................................................................ ४८

१७.४.लैङ्गिक सम्पर्क व्यक्ति ........................................................................ ४९

१७.५ अन्य विषयगत शाखा........................................................................ ५०

१७.६. स्वास्थ्य शाखा ........................................................................ ५०

१७.७. शिक्षा शाखा........................................................................ ५०

१७.८.स्थानीय प्रहरी कार्यालय ..................................................................... ५१

१७.९.विकासका साझेदारहरु ..................................................................... ५१

१७.१०.गैरसरकारी संस्थाहरु ..................................................................... ५१

१७.११.गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु .................................. ५२

१७.१२. निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी संघ, सहकारी, बैंक आदि).. ५२

१७.१३.समुदाय ..................................................................... ५३

१७.१४.सरोकारवाला बिच समन्वय एवं साझेदारी :..................................................................... ५३

१८. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन : ..................................... ५३

१९.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :..................................... ५५

२०.वित्त व्यवस्थापन ..................................................................... ५५

२१. कानूनी व्यवस्था..................................................................... ५६

२२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ..................................... ५६

२३. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ..................................... ५६

२३.१ संभाव्य जोखीम ..................................................................... ५६

२३.२ जोखीम न्यूनीकरणका उपायहरु..................................................................... ५६

अनुसूचीहरु..................................................................... ५७

अनुसूची १ : विभिन्न बैठक र कार्यशालाहरुको उपस्थिति ..................................... ५७

अनुसूची २ : फोटो ..................................................................... ६१

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८२

## १ पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायको चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो । यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रभाविकरण विषय नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसकासाथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। सोह्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकांकलाई ०.८८५ बाट ०.९६७ पुर्‍याउने र लैङ्गिक असमानता सूचकांकलाई ०.४९५ बाट ०.२२५ ल्याउने अपेक्षा राखेको छ ।

समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ ।

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको ।
(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको ।
(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग,

क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको। त्यसैले, संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ। यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो ।

## २. नाम र प्रारम्भः यस रणनीतिको नामः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८२ रहनेछ र यसको प्रारम्भ मैवाखोला गाउँपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## ३ परिभाषाः

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क) “रणनीति” भन्नाले लैगिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०८२ सम्झनु पर्दछ ।

ख) “स्थानीय तह” भन्नाले गाँउपालिका, नगरपालीका र जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

घ) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ङ) “योजना” भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) “सामाजिक समावेशीकरण” भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागगराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

छ) “सामाजिक समावेशी सम्पर्क ब्यक्ति” भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ज) “सामाजिक समावेशी बजेट” भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

झ) “विकास साझेदार” भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

ञ) “टोल विकास संस्था” भन्नाले स्थानीय सरकार संचालन  ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालक को अवधारणाबमोजिम गठन हुने समूह सम्झने पर्छ ।

ट) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ठ) “सामुदायिक संस्था” भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरु आधारित संस्था सम्झनु पर्छ ।

ड) “गैरसरकारी संस्था” भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

ढ) स्थानीयकरण भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

ण) बञ्चित समुह भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवं  दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई सम्झनु पर्दछ ।

त) अल्पसंख्यक भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

थ) सीमान्तीकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

द) लैङ्गिक समता भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

ध) लैङ्गिक समानता भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

न) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

प) सामाजिक समावेशीकरण भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

फ) लक्षित समूह भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

ब) लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

भ) लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

म) लैङ्गिक मूलप्रवाहीकरण भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

य) लैङ्गिक उत्तरदायी बजेट भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ ।

र) सामाजिक वञ्चितीकरणमा परेका समूहहरू भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ ।

ल) लैङ्गिक प्रभाव विष्लेषण भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

व) सशक्तिकरण भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

श) खण्डीकृत तथ्याङ्क भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई. भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

ष) ऋभ्म्ब्ध : (ऋयलखभलतष्यल यल तजभ भ्षिष्लबतष्यल या बीि ँयचकक या म्ष्कअचषष्लबतष्यल ब्नबष्लकत ध्कभल) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

स) ऋच्ऋ भन्नाले बाल अधिकार महासन्धी (ऋजषमि च्ष्नजतक ऋयलखभलतष्यल) सन १९८९ लाई जनाउछ ।

ह) द्यएँब भन्नाले बेइजिङ कार्ययोजना ( द्यभष्वष्लन एबितायच्क या ब्अतष्यल) सन १९९५ लाई जनाउछ।

लैससासका कानुनी प्रवधानः

## ४. लैससास सम्बन्धी कानूनी प्रावधानहरु

माथि नै उल्लेख गरिसकिएको छ कि लैंगिक समानता तथा सामाजिक समाबेशीकरण विश्वव्यापी सावाल हो, त्यसैले यसको चर्चा बिश्वव्यापि रुपमै हुन्छ र सुधारात्मक प्रयासहरु पनि बिश्वव्यापि रुपमै भएका छन् । नेपालमा पनि लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको सुधार र परिवर्तनका लागि धेरै संस्थागत कार्यहरु भएको हामी पाउँछौ । बिगतमा कार्यक्रमहरु मार्फत लैससासलाइ सुदृढ बनाउँने कोशिष भएको थियो । हाल आएर लैससासलाइ व्यबस्थित, सुदृढ र परिवर्तन गर्नका निमित्त बिभिन्न ऐन कानुनुहरु निर्माण भएका छन् । लैससासमा बिद्यमान प्रयास, नीति नियम तथा प्रावधान सम्बन्धमा याहाँ संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

### ४.१.नेपालको संबिधानले गरेको संबैधानिक व्यबस्था

- नेपालको संविधानको प्रस्तावनामानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ ।
- सैविधानको धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य

कानून बमोजिम दण्डनीय हुनेछ र पिडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा उल्लेख गरिएको छ ।

- राज्यका सबै निकायमा महिला तथा पछाडि परेका समुदाय र समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गरिने हक हुने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकहुने व्यवस्था समेत गरेको छ ।
- यसैगरी संबिधानको धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ ।
- संबिधानको धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।

## ४.२ राष्ट्रिय योजना आयोग

दशौं योजना (२०५९/२०६४) मा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण अवधारणालाइ अन्तर सम्बन्धित विषय (ऋचयकक ऋगततष्लन क्षककगभ) का रुपमा स्थान दिइएको छ । आ.ब. २०६४/६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैंगिक उत्तरदायी बजेट प्रणालको अभ्यास हुँदै आएको छ । चौधौ त्रीवर्षीय योजना (२०१६/१७ / २०१८/१९) मा पुर्ण समाबेशीकरण मार्फत सिमान्तकृत वर्गको मुलप्रावहीकरण गर्ने र दीगो विकास लक्षमा योगदान गर्ने उद्धेश्य राखिएको थियो । लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (६.१.१) मा ऋसकटिङ्ग सवाल भनिएको छ । आर्थिक सुचाकांकमा पछाडि पारिएको वर्गको पुर्ण समावेशी विकासका लागि नागरिक सहभागिता, बिचार अभिव्यक्त र मानव विकासमा सुधार ल्याउँने लक्ष लिएको छ ।

## ४.३. पन्ध्रौ योजना

आर्थिक बर्ष २०७६/७७-२०८०/८१ को आधार- पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरुलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय सोच (ख्ष्कष्यल) पुरा गर्न आउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौ योजना तर्जुमा गरिएको छ । यहि तथ्यलाई ध्यानमा राखी लैंगिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ ।

## ४.४. सोह्रौ पञ्चबर्षिय योजना

सोह्रौ पञ्चबर्षिय योजनाको समष्टिगत रणनीतिमा विकासका सबै क्षेत्र तथा आयाममा लैंगिक मूल प्रभावीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद जोखिम न्यूनिकरणलाई आन्तरिकीकरण गर्ने बिषय उल्लेख भएको छ । त्यसैगरी संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत लंगिक समानता, सामाजिक न्याय तथा समावेशी समाज हुन्छ भन्ने अभिप्राय व्यक्त गरिएको छ । सोह्रौ

पञ्चबर्षिय योजनाको सामाजिक न्ययाका लाष्टिय लक्ष अन्तर्गत लक्ष्य ६ मा लैंगिक विकास सूचाकांक ०.८८५ बाट आवधिक योजना अवधिमा ०.९६७ पुर्याउँने र लक्ष्य ७ मा लैंगिक असमानता सुचाकांक ०.४९५ बाट ०.२२५ मा झार्ने लक्ष्य लिएको छ। त्यसैगरी लक्ष्य नं. १० मा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेको परिवार २३.८ बाट ३५ पुर्याउँने लक्ष राखेको छ। यी विभिन्न प्रावधानहरुले लंगिक समानता तथा समावशीकलण प्रकृयालाई सृदृढ गर्ने अभिप्राय सोह्रौ पञ्चवर्षिय योजनामा उल्लेख भएको हुँदा यसको पूर्ण कार्यान्वयनका लागि र सफलताका लागि स्थानीय तहहरुले सोही बमोजिक कार्यसम्पादन गर्न आबश्यक रहेको छ।

## ४.५. स्थानीय सरकार संचालन ऐन

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम नगरपालिकाको काम, कतर्व्य र अधिकार अर्न्तगत विभिन्न बुदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कायक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने  कुराहरु उल्लेख गरिएको छ।

- ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कतर्व्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) प्रवर्द्धन गर्ने  व्यवस्थालाई जोड दिएको छ। उक्त ऐनले वडा भित्र बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने  गराउने दायित्व समेत सुम्पेकोछ।

## ४.६. बिषयगत मन्त्रालयहरु

नेपाल सरकारका विभिन्न बिषयगत मन्त्रालयहरुले पनि लैससासमुल प्रवाहीकरणका लागि बिभिन्न संस्थागत प्राबधानहरु तय गरी कार्यान्वयन गरिरहेको अबस्था छ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैससास नीति तय गरेको छ।
- सहरी विकास मन्त्रालयले लैससास अपरेसन राष्ट्रिय दिशानिर्देश रणनीति तय गरेको छ।
- वन तथा भुसंरक्षण मन्त्रालयले लैससास भिजन पेपर एवं लैससास रणनीति तयार गरी लागु गरेको छ।
- शिक्षा मन्त्रालयले इक्विटी रणनीति तर्जुमा गरेको छ।
- स्वास्थ्य मन्त्रालयले लैससास परिचालन निर्देशिका तयार गरेको छ।

- स्थानीय सरकार संचालन ऐन २०७४ लगायतका कानुनहरु र राष्ट्रिय लैंगिक समानता नीति २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ कार्यान्वयनमा छन् ।


### ४.७. दीगो विकास लक्ष्य

- दीगो विकास लक्षका पाँच स्तम्भ अन्तर्गत स्तम्भ २ को मानव अन्तर्गत सबै प्रकारका गरिवी र भोकमारीको अन्त्य गर्ने र मर्यादा एबम् समानता कायम गर्ने उल्लेख छ ।
- त्यसैगरी स्तम्भ ४ मा शान्तिपुर्ण, न्यायसंगत र समाबेशी समाजको निर्माण गर्ने कुरा उल्लेख छ ।
- प्रमुख १७ लक्षहरु अन्तर्गत लक्ष नं. १ मै सबै ठाउँमा सबै प्रकारको गरिवी अन्त्य गर्ने कुरा उल्लेख छ ।
- लक्ष नं. ३ मा सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्द्धन गर्ने बिषय राखिएको छ ।
- लक्ष नं. ५ मा लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाइ सशक्त बनाउँने ।
- लक्ष नं. ११ मा शहर तथा मानव बसोबासलाइ समाबेशी, सुरक्षित, उत्थानशिल र दीगो बनाउँने भनिएको छ ।
- त्यसैगरी लक्ष नं. १६ मा दिगो विकासको लागि शान्तिपुर्ण र समाबेशी समाजको प्रबर्धन गर्ने, सबैको न्यायामा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समाबेशी संस्थाको स्थापना गर्ने कुराको व्यबस्था गरिएको छ ।

## ५. गाउँपालिकाको संक्षिप्त परिचयः

### ५.१. भौगोलिक अवस्थिति

मैवाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाको पूर्वी भागमा अवस्थित छ, जुन साबिकका फाकुम्बा, साँघु र ढुङ्गेसाँघु गा.वि.स.को समायोजनबाट बनेको हो। भौगोलिक रूपमा यो गाउँपालिका २७ड्ड२१′३.८७″ उत्तरी अक्षांश र ८७ड्ड३२′५.३४″ पूर्वी देशान्तरमा रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १३८ वर्ग किलोमिटर रहेको छ। समुन्द्र सतहबाट यसको उचाइ ८०० मिटरदेखि ४२०० मिटरसम्म फैलिएको छ, जसले गर्दा यहाँ विविध भौगोलिक र जलवायु क्षेत्रहरू पाइन्छन् । जैविक विविधताले भरिपूर्ण यस क्षेत्रमा विभिन्न



प्रकारका वनस्पति, जडिबुटी, वन्यजन्तु र चरा पाइन्छन् ।

## ५.२. राजनीतिक तथा प्रशासनिक विभाजन

मैवाखोला गाउँपालिका पूर्वी नेपालको कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ्ग जिल्लाको दक्षिण भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो । वि.स. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा ताप्लेजुङ्ग जिल्ला साविकको फाकुम्बा, साँघु र ढुङ्गेसाँघु गाउँ विकास समितिहरुलाई मिलाएर मैवाखोला गाउँपालिका बनाईएको हो । ६ वटा वडामा विभाजित यस गाउँपालिकाको कुल क्षेत्रफल १३८ वर्ग किलोमिटर तथा जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल जनसंख्या १०२१३ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको चैनपुर नगरपालिका, उत्तरपूर्वमा ताप्लेजुङ्ग जिल्लाकै मेरिङदेन गाउँपालिका तथा दक्षिणमा तेह्रथुम जिल्लाको मन्छयायाम गाउँपालिकासम्म फैलिएको छ । क्षेत्रफलको आधारमा वडा नं.६ सबैभन्दा ठूलो वडा (५७.९१ वर्ग कि.मि.) तथा वडा नं. १ सबैभन्दा सानो (८.३६ वर्ग कि.मि.) रहेको छ ।

वडागत जनसंख्या विवरण तलको तालिकामा उल्लेख गरिएको

| वडा नं. | वडाको नाम | घर परिवार संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | ढुङ्गेसाँघु | ४१५ | १८८१ | ९१४ | ९६७ |
| २ | ढुङ्गेसाँघु | ३४४ | १५९९ | ८०२ | ७९७ |
| ३ | साँघु | ४३२ | १८०२ | ९०७ | ८९५ |
| ४ | साँघु | ३३९ | १५५७ | ७७० | ७८७ |
| ५ | फाकुम्वा | ३९१ | १८६३ | ९७४ | ८८९ |
| ६ | फाकुम्वा | ३२८ | १५११ | ७८६ | ७२५ |
| | कुल | २२४९ | १०२१३ | ५१५३ | ५०६० |

## ५.३. जातजाति र धर्म

यस गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु मध्ये लिम्बूको बाहुल्यता सबैभन्दा बढी रहेको छ । साथै शेर्पा, तामाङ, कामी र ब्राम्हण (पहाड) को बसोबास रहेको देखिन्छ । भाषाभाषीको हिसावले हेर्दा लिम्बू भाषा बोल्नेको संख्या सबैभन्दा बढी रहेको छ । साथै शेर्पा, नेपाली, तामाङ र नेवारी भाषा प्रयोग गर्ने गरेको पाईन्छ ।

## ५.४. कृषि तथा पशुपंक्षी पालन

गाउँपालिकामा खाद्यान्न तर्फ धान, मकै, गहुँ, कोदो आदि उत्पादन हुँदै आएको पाइन्छ । तुलनात्मक रुपमा धान भन्दा मकै र गहुँको उत्पादन वढी हुँदै आएको पाइन्छ । तेलहन, मसलाजन्य र खाद्यान्न वालीको तुलनामा नगदेवालीको खेती व्यापक पाइन्छ । पालिका क्षेत्रभित्र अलैंची खेती र आलु खेती धेरै हुने गरेको छ । गाउँपालिका क्षेत्रभित्र फलफुलहरुमा लिची, किवि, सुन्तला, कागती, एभोकाडो को खेती हुँदै आएको पाइन्छ । जडिबुटी जस्तैः चिराईतो, सतुवा आदिलाई पनि व्यवसायिक रुपमा पकेट क्षेत्र विस्तार गर्ने संभावना रहेको छ । किसानहरुले आफैले बनाएको मल र रासायनिक मल दुवै प्रयोग गरेर यहाँ कृषि कार्य गर्दछन् । यहाँको कृषी उत्पादन आफ्नै जिल्ला र नजिकका जिल्लामा खपत हुन्छ भने चामल, दाल, तेल आदि तराइका जिल्ला साथै भारतबाट पनि आयात हुने गरेको छ ।  तरकारी खेती, किवी लगायतका फलफुलको खेती, अलैची, अम्लिसो, अदुवा लगायतका नगदे बालीको उत्पादन पर्याप्त रुपमा भई स्थानीय बजार तथा वाहिर जिल्लामा समेत निकासी हुने गरेको छ ।

पशुपंक्षीतर्फ गाई, भैसी, बाखा, भेडा, सुँगुर, बँगुर, कुखुरा पालन सबैजसो घरपरिवारले गरेको देखिन्छ । पशुपंक्षीपालनबाट उत्पादन हुने दुध, दही, माछा, मासु वाह्य क्षेत्रहरुमा निर्यात हुँदै आएको छ । उन्नत घाँस, चिस्यान केन्द्र, दुध सङ्कलन केन्द्र, पशु एम्वुलेन्स, हाटवजार र विक्री वितरणमा समस्या हुँदा व्यवसायिकपालनमा थुप्रै कठिनाइहरु देखिन्छन् ।

## ५.५ बैङ्क, सहकारी तथा वित्तीय संस्था

यस गाउँपालिमा कृषि सहकारी संस्थाहरुमा माछापोखरी, सिंहकप्लो ढुङ्गेसाँघु, मैवातेड्प सहित, मिल्के साँघु र तुयाली रहेका छन् । बचत तथा ऋण सहकारी संस्थाहरुमा मानेभञ्ज्याङ कृषि सहकारी संस्था, मैवाखोला ग्रामीण सहकारी संस्था, सनराइज बैंक लिमिटेड, छिमेकी र मिर्मिरे माइक्रोफाइनान्स संस्था रहेका    छन् । यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता बैंकबाट भुक्तानी गर्ने प्रणाली लागु गरिएको छ ।

## ५.६. पर्यटन विकास

यस गाउँपालिकामा प्राकृतिक एवम् पर्यटकिय स्थलहरु प्रशस्त मात्रामा रहेका छन् । तीनजुरे मिल्के जलजले गुराँस क्षेत्र, माङमाया छागाँ, छाँमा रिङबु झरना, सिङदो लुङ मैवा झरना, चाँदनी झरना, बोझे पोखरी, भ्याँउ पोखरी, लाम पोखरी, पोथी पोखरी, गुराँस पोखरी, हेङगावरह पोखरी, भुते पोखरी, लालीवास्तोला झरना, रेडपाण्डा, गुराँस पार्क, जारे ढुङ्गा, रमिते ढुङ्गा जस्ता सुन्दर पर्यटकीय स्थलहरु रहेका छन् । धार्मिक पर्यटन अन्तर्गत मेन्छुयायाम, मुलपानी देवी, महादेव थान, गुम्बाहरु रहेको, सांस्कृतिक पर्यटन अन्तर्गत ओसाङलुङ्ग. घङयुम्बा गुफा, लिम्बु. तामाङ. शेर्पा, गुरुङ, ब्राह्मण, क्षेत्री, मगरको संस्कृति रहेको, ऐतिहासिक पर्यटन अन्तर्गत सायम्बाहाङ धर्मशाला रहेको, राजनीतिक पर्यटन अन्तर्गत जननेता मदन भण्डारीको जन्म घर रहेको छ ।

## ५.७. शिक्षा क्षेत्र

राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ७९.८७ प्रतिशत रहेको जसमध्ये पुरुष साक्षरता ८५.४१ प्रतिशत र महिला साक्षरता ७४. १८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा माध्यमिक, निम्न

माध्यमिक र प्राथमिक तहका गरी २९ वटा विद्यालयहरु रहेका छन् भने प्राविधिक धारका २ वटा विद्यालय रहेका छन् । शत प्रतिशत विद्यालय भर्ना दर रहेको यस गाउँपालिका साक्षर पालिका घोषणा भईसकेको छ । एउटा विद्यालयमा नर्सको व्यवस्था भएको, विद्यालय सुधार योजना निर्माण भएको, केहि विद्यालयमा आइ.सि.टि, साइन्स ल्याब र पुस्तकालय भएको, तालिम प्राप्त शिक्षक, शैक्षिक गुणस्तर प्राप्तिका लागि प्रयास भएको छ । दिवा खाजाको व्यवस्था, मातृभाषामा पठनपाठन, इन्टरनेट सुविधा, विद्यालयलाई कुलत/धुर्मपान र मध्यपान रहित बनाइएको, विद्यालयमा बालविकास सहजकर्ता भएको केहि विद्यालय हरित विद्यालय रहेको अवस्था छ ।

## ५.८.स्वास्थ्य क्षेत्र

यस गाउँपालिकाको ४ वटा वडामा स्वास्थ्य चौकीहरु रहेका छन् भने २ वटा सामुदायिक स्वास्थ्य केन्द्र र १ वटा प्रथमिक स्वास्थ्य केन्द्र रहेका छन् । त्यसैगरी ढुंगेसाँगुमा १५ शैयाको अस्पतालको निर्माणाधिन रहेको छ । स्वाथ्य संस्थाहरुमा निःशुल्क औषधीहरु रहेको, बर्थिङ सेन्टर रहेको, वर्थिङ सेन्टरमा लाभान्वित गर्भवतीहरु रहेको, गाउँघर क्लिनिक, खोप क्लिनिक रहेको, शिघ्र कुपोषित र मध्यम कुपोषित बालबालिकाहरुको उपचार कक्ष रहेको, एम्बुलेन्स सेवा, खोप कार्यक्रम सञ्चालनमा रहेका छन् । यस गाउँपालिकाले पाँच वर्ष भित्रमा एक जना मेडिकल अधिकृत उत्पादन गर्ने लक्ष्य राखेको छ । वालवालिकामा कुपोषण खासगरी उमेर अनुसार कम तौल अझै शुन्य संख्यामा आउन सकिरहेको छैन । झाडापखला, स्वासप्रस्वास जस्ता सङ्क्रामण रोगहरुवाट स्थानीयहरु प्रभावित हुँदै आएका छन । यसतर्फ स्वास्थ्य सचेतनाको आवश्यकता रहेको महसुस हुन्छ । तापनि महामारीवाट ज्यान गुमाउनेहरुको संख्या शुन्य छ । मातृमृत्य, नवजात तथा शिशुको मृत्यु, ५ वर्ष मुनीका वालवालिका मृत्युमा उल्लेखनीय प्रगति हासिल भएको छ । यसतर्फ मृत्युदर करीव करीव शुन्य दरमा रहेको पाइन्छ ।

## ५.९. खानेपानी तथा सरसपफाइ

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी मध्ये करीव ९९.४६ प्रतिशत अर्थात २२०१ घरधुरीमा पाइपलाइनको निजीधारा जडान भएको छ भने सामान्य २.१३ प्रतिशत या ४८ घरका लागि मात्र व्यवस्थित खानेपानीको अभाव रहेको देखिन्छ । यसैगरी शौचालय तर्फ राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ८४.२२ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलव्ध भएको देखिन्छ भने करीव १५.७८ प्रतिशत घरधुरीलाई व्यवस्थित शौचालयको व्यवस्था हुन सकेको छैन । सेफ्टिट्याङ्की सहितको शौचालय भएकाको संख्या करीव ८४.२२ प्रतिशत छ । त्यसैगरी १३.६१ प्रतिशत घरधुरीमा खाल्डे चर्पी प्रयोगमा आएको पाइन्छ भने सार्वजनिक शौचालय प्रयोग गर्ने ०.४४ प्रतिशत र शौचालयको पहुँच नपुगेकाहरु १.७३ प्रतिशत रहेका छन् ।

## ५.१०. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मैवाखोला गाउँपालिकाको कुल जनसंख्या मध्ये महिला जनसंख्या ५०६० अर्थात ४९.५४ प्रतिशत रहेको छ । महिलाको स्वामित्वमा घर तथा जग्गा ६.४ प्रतिशतको रहेकोमा महिला घरमुलीको ०.५ प्रतिशत मात्र रहेको छ । लैङ्गिक अनुपातका हिसाबले हेर्दा यस गाउँपालिकामा ९८.६० रहेको छ । गाउँकार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा जनजाति तथा दलित महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । पालिका क्षेत्रभित्र सवै वडाहरुमा

आमा र महिला समूहहरु क्रियाशील छन् । पालिका क्षेत्रभित्र १ वटा महिला सहकारी संस्था क्रियाशील रहेको छ भने महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय ३३ वटा रहेका छन् । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरु पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ ।

## ५.११. युवा तथा खेलकुद

यस गाउँपालिकामा १५ देखि ३९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४१.७ प्रतिशत रहेको छ, जसमा पुरुष २१.१ प्रतिशत र महिला २०.६ प्रतिशत रहेको छ । पालिकाका सबै वडाहरुमा खेल मैदान निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । वडा स्तरीय र गाँउ स्तरीय खेलकुद कार्यक्रम सञ्चालन भएका छन् भने खेलकुद सम्वन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन, खेलमैदान सुधार र खेलकुदका सामाग्री वितरण लगायतका कार्य पनि नियमित सञ्चालन हुदै आएका छन् । यहाँ युवा क्लवहरु पर्याप्त रहेको, व्यवसाहिक सिप भएको तथा प्राविधिक शिक्षा प्राप्त युवा केही मात्रामा रहेको, मदन भण्डारी स्मृती बहुउद्वेश्य रंगशाला निर्माणाधिन रहेको तथा ६ वटै वडामा साना साना खेलमैदान रहेका छन् । स्थानिय स्तरमा मुख्य रुपमा भलिवल र लोपोन्मुख खेलको रुपमा रहेका डण्डिबियो खेलिने गरिन्छ ।

## ५.१२. ग्रामीण विकास तथा वस्ती व्यवस्थापन

राष्ट्रिय जनगणना २०७८ अनुसार, परिवार संख्या मध्ये ८९.९ प्रतिशतले आफ्नै स्वामित्वको आवासमा र बाँकी मध्ये ७.४ प्रतिशतले भाडाका आवासमा बसोबास गरेको पाइन्छ । संस्थागत तथा व्यावसायिक भवन ०.४ प्रतिशत छन् । यस गाउँपालिकामा ८८.६ प्रतिशत आवासीय भवन माटोको जोडाइमा ढुङ्गा र ईटाको गारोले बनेका छन् । त्यसैगरी जस्ता तथा टिनले छाएको घर ८४.१ प्रतिशत रहेको छ भने खर, पराल, छ्वालीले छाएको घर १३.९ प्रतिशत रहेको छ । राष्ट्रिय भवन संहिताको कमजोर कार्यान्वयनले पनि निर्मित भवन भूकम्पीय दृष्टिकोणले कमजोर देखिन्छ र खरको छानामुक्त गाउँपालिका बनाउने कार्य पालिकाको प्राथमिकतामा भइरहेको छ ।

## ५.१३. सिँचाइ

मैवाखोला गाउँपालिकामा पानीका मुहानहरु प्रशस्त छन् । भइरहेका साना-ठूला मुहानहरुमा माङमाया, तेरुवा, लोदुम्वा, नेङवा खोला, युमिचा, चैयाखोला पर्दछन् । गाउँपालिकामा सिँचाईको कुनै ठूलो योजना नरहेको र परम्परागत शैलीमा कुलोहरु निर्माण गरेर सिँचाई गरिरहेको अवस्था रहेको छ ।

## ५.१४. विद्युत तथा नवीकरणीय ऊर्जा

यस गाउँपालिकामा लघु विद्युतमार्फत ६० प्रतिशत घरमा बिद्युतीकरण रहेकोमा, हालसालै वडा नं. १ देखि ६ वडा सम्म केन्द्रिय प्रसारण लाईन विस्तारको कार्य हुँदै छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, ७९.३ प्रतिशत परिवारको विद्युत सेवामा पहुँच पुगेको छ भने १६.४ प्रतिशत परिवारले सोलार प्रयोग गर्दछन् । खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धेरै दाउरा (९८.४ प्रतिशत) को प्रयोग भएको देखिन्छ ।

## ५.१५. सडक, यातायात तथा पुलपुलेसा

यस गाउँपालिकालाई हालसम्म कुनै पनि रणनैतीक सडकले छुन नसकेकाले यस गाउँपालिका ताप्लेजुङ जिल्लाको अति विकट स्थानीय तहमा पर्दछ । संघ र प्रदेशसँगको सहकार्य समन्वयमा वसन्तपुर, गुफा, दोभान सडक (६५ कि.मि.) वैकल्पिक सहायक राजमार्ग रहेको छ । तिनजुरे मिल्के जलजले (सुनसरी, संखुवासभा, ताप्लेजुङ) सँगको सहकार्य समन्वयमा पर्यटकीय पदमार्गको डि.पि.आर तयार भएको छ । साथै साँघु - झ्याउपोखरी - मिल्के - गोरुजुरे - सभापोखरी -जलजले - असाङलुङ पर्यटकीय पदमार्गको अवधारणा रहेको छ । यस गाउापालिकामा हाल २३ वटा झोलुङ्गे पुल रहेका छन् भने याङ्देली पुल, टिम्मुरे लोदुम्बा, माङमाया, चल्ले गरी ४ वटा पक्की पुलको मुख्य आवश्यकता रहेको छ । यहाँ सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा प्राय टेक्टर, जिप, बस, मोटरसाइकलहरूको प्रयोग गरिएको देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बस बिसौनीको अभाव रहेको छ । आन्तरिक यातायातको भरपर्दो सडक सुविधा नभएकोले गाउँपालिकामा आन्तरिक यातायात सेवा सुचारु भएको छैन । यद्यपी गाउँपालिकाबाट दैनिक रूपमा वसन्तपुर, हिले, धनकुटा, धरान जाने यातायात सञ्चालनमा रहेको छ । यस बाहेक निजी सवारी भाडामा लिएर जुनसुकै ठाउँ जान सकिन्छ ।

## ५.१६. सूचना तथा सञ्चार प्रविधि

वि. स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाका ४८ प्रतिशत घरपरिवारमा रेडियो रहेको देखिन्छ भने २३.४ प्रतिशत घरपरिवारमा टेलिभिजन रहेको देखिन्छ । त्यसैगरी ल्याण्डलाइन टेलिफोन प्रयोग गर्ने घरपरिवार १.१ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा साधारण मोवाइल प्रयोग गर्ने घरपरिवार ८४.६ प्रतिशत रहेको छ भने स्मार्ट मोवाइल प्रयोग गर्ने घरपरिवार ५२.४ प्रतिशत रहेको छ । कम्प्युटर तथा ल्याटप प्रयोग गर्ने घरपरिवार २.८ प्रतिशत रहेको छ भने इन्टरनेट प्रयोग गर्ने घरपरिवार ५.३ प्रतिशत रहेको छ । पालिकामा सूचना, संचार तथा प्रविधि विकासका क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको भए पनि गाउँपालिका कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने पालिका र वडा कार्यालयमा निशुल्क इन्टरनेटको व्यवस्था गरिएको छ तर यो प्रभावकारी भने छैन ।

## ५.१७. वन तथा जैविक विविधता

मैवाखोला गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ५४ प्रतिशत वन क्षेत्रले, २६ प्रतिशत खेतीयोग्य जमिनले, १६ प्रतिशत बुट्यान तथा झाडी क्षेत्रले र १ प्रतिशत बालुवा तथा बगर क्षेत्रले भू-भाग ओगटेको देखिन्छ । कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनको हिसाबले सुखद विषय हो । यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ । यहाँ साझेदारी वन तथा राष्ट्रिय वनहरु सहित जम्मा सामुदायिक वनको संख्या १३ रहेको छ । यहाँ प्राकृतिक रुपमा चिराइतो, विख्मा, पाँच अम्ले, सतुवा, पदमचाल, कुड्ही, तितेपाती, यार्सागुम्बा, विष, पाखन्वेद, ठूलो ओखती, टिम्बुर, चिम्फीङ खानक्पा, खोकिम, हडचुर, भिरमौरीको मह, भुतकेश, वनलसुन आदि जडिबुटीहरु पाइन्छन् । रेड पाण्डा र

डाँफेको  अभिलेख हिमालयन संरक्षणले गर्दै आएको छ । यहाँको जंगलमा हिंसात्मक जनावर, भालु, सर्प, बाघको आतंक उल्लेख्य रुपमा रहेको छैन ।

## ५.१८. भू तथा जलाधार व्यवस्थापन

यस गाउँपालिकामा लाम्पोखरी, वोभ्रुनी पोखरी, भ्याऊ पोखरी, छाँगा रिङबु, चाँदनी भ्ररना, माछा पोखरी, छाँगा टार,  सिन्धोलुङ्ग गोरुजुरे, हात्तीसुडे, रमिते, महबीर, फूङफाङ भ्ररनाहरु रहेका छन् । साथै पहिरो नियन्त्रण गर्नुपर्ने संवेदनशिल क्षेत्रहरु नेरुवाखोला दायाँ बाँया, फटेङ्गे पुछार, चैया खोला, साङ्लुपा, साम्तुङ, सेलुवा खोला  किनारा तथा फुक्पाङ् खोला आसपास रहेका छन् ।

## ५.१९. वातावरण तथा स्वच्छता

यस गाउँपालिकामा फोहोरमैलातर्फ घर, आँगन, कार्यालय तथा अस्पतालको फोहोरमैला विसर्जन गर्ने अभ्यास रहेको पाइन्छ । फोहोरको वर्गीकरण गरी सुरक्षित विसर्जन हुन सकिरहेको छैन र बजार क्षेत्रमा सतह ढलको व्यवस्था प्रभावकारी हुन सकेको छैन । घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा वाल्ने गरिएको र सुधारिएको चुल्हो जडान गर्ने अभ्यास रहेको छ । सार्वजनिक शौचालयको अवधारणालाई व्यवस्थित रुपमा सञ्चालन तथा निरन्तरता दिन सकेको छैन । गाउँपालिकामा डम्पिङ साइट निर्माण गर्ने योजना रहेको छ । वातावरण स्वच्छ राख्न लालीगुराँश , वेत, वाँस, अम्लिसो, चाँप आदि वृक्षरोपण हुने गरको छ ।

## ५.२०. विपद व्यवस्थापन

मैवाखोला गाउँपालिकामा विपद व्यवस्थापन सम्बन्धी स्थानीय आपतकालिन सञ्चालन केन्द्र रहेको, राहत सामाग्रीको व्यवस्थापन रहेको, प्राथमिक उपचार केन्द्र रहेको, समुदायमा आधारित विपद जोखिम व्यवस्थापन समिति क्रियाशिल रहेको, विपद जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण भएको, पालिकामा विपद व्यवस्थापन कोष रहेको र उक्त कोषमा १० लाख रकम रहेको, विपद पूर्व तयारी रहेको, आपतकालिन उद्धारका साधनहरुमा एम्बुलेन्स रहेको, तालिम प्राप्त आपतकालिन तथा स्वयंसेवक जनशक्तिको व्यवस्था रहको, खुल्ला क्षेत्र तथा मैदानको व्यवस्थामा विद्यालयहरुको खेल मैदान रहेको, विपद प्रतिकार्यको लागि आपतकालिन नमूना अभ्यास भएको, तालिम प्राप्त जनशक्तिले नमूना अभ्यास गरेको, सरोकारवाला संघ संस्थाहरुसँग विपद व्यवस्थापनको लागि समन्वय तथा साभ्रा कार्यक्रमहरु सञ्चालन भएको, भौतिक संरचना तथा भवन संहिता लगायतका निर्देशिका तथा मापदण्ड अनुसार निर्माणको शुरुवात भएको, पालिकाले विपद व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरेको जस्ता राम्रा पक्षहरु रहेका छन् । तर भूकम्प प्रतिरोधात्मक निजी घरहरु निर्माण गर्ने प्रयासहरु अति न्यून छ ।

## ५.२१.  संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह

यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, गाउँसभा, न्यायिक समिति र वडासमितिहरु आफ्नो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन् । यस गाउँपालिका निर्माण भएर राजपत्रमा प्रकाशित भई हालसम्म १२ ऐन, ३ नियमावली, २२ कार्यविधि स्वीकृत भइसकेको छ । यहाँ हाल २७ जना स्विकृत र ४१ जना दरबन्दी कर्मचारी संख्या रहेको छ । डिजिटल नागरिक वडा पत्र

सञ्चालनमा आएको छ । साथै बालमैत्री भवनहरु निर्माणमा गरेको, वार्षिक नीति कार्यक्रमको तर्जुमामा नगरिक समाज लगायत स्थानीयहरुको सहभागिता भएको, नियमित आन्तरिक तथा बाह्य लेखा परिक्षण हुने गरेको, विषयगत समितिहरु गठन भई सञ्चालन भएको, न्यायिक समिति सक्रिय रुपमा कार्यरत रहेको छ । न्यायिक समितिबाट मुद्दाहरुको सुनुवाई हुने लगाएत सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन् । ऐन नियम तथा कार्यविधिहरु बनाई कार्यान्वयन हुनु, सार्वजनिक उत्तरदायित्वका औजारहरु प्रयोगमा आउनु, वेवसाइटमा वार्षिक योजना पुस्तिका हुनु, गाउँपालिकाको वार्षिक आयव्यय सार्वजनिक हुनु जस्ता राम्रा पक्षहरु रहेका छन् ।

## ६. विधी तथा प्रकृया

गाउँपालिकाले आप्नो योजनामा समाबेश गरी यो पाँच बर्षे लैससास रणनीति योजना तर्जुमा गरिएको छ । लैससास रणनीति योजना तर्जुमाका लागि आबश्यक पर्ने सुचना संकलन, सुचना बिश्लेषण र व्यबस्थापन गर्न, रणनीति योजना तर्जुमा गर्न, पालिकाका जनप्रतिनिधि र कर्मचारीहरु एवं सम्बन्धित सरोकारवालाहरुको राय सुझाव तथा सहमति प्राप्त गर्न बिभिन्न आबश्यक बिधि तथा प्रकृयाहरु अबलम्न गरियो । मुख्य रुपमा तपलिशमा उल्लेखित बिधि तथा प्रकृयाहरु अबलम्बन गरी कार्य सम्पादन गरिएको छ ।

६.१. सन्दर्भ सामग्रीको अध्ययनः बिद्यमान ऐन कानुन र प्रावधानहरु, पालिकाले तर्जुमा गरेका लैससास संग सम्बन्धित कानुन तथा नियमहरु, बजेट बक्तव्य, बार्षिक प्रतिबेदनहरु आदि ।

६.२. तथ्याङ्क संकलन, विश्लेषणर तथ्यांक व्यबस्थापनः डेस्क रिभ्यु, लक्षित समुह छलफल, व्यक्तिगत अन्तरबार्ता, बिभिन्न शाखामा काम गर्ने कर्मचारीहरुसंग अलग अलग छलफल आदि ।

६.३. बैठक तथा कार्यशाला गोष्ठि संचालन : प्रारम्भिक बैठक र कार्यदल गठन, दुइ दिने कार्यशाला गोष्ठि संचालन, मस्यौदा प्रतिबेदन प्रस्तुत र पृष्टपोष्ण संकलन, अन्तिम प्रतिबेदन प्रस्तुत ।

६.४. गाउँपालिकामा अन्तिम प्रतिबेदन पेश

## ७. गाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु

यस गाउँपालिकाको राजनैतिक, आर्थिक तथा सामाजिक पक्षको बिश्लेषण तथा विबेचना गर्दा निम्न अबस्था बिद्यमान रहेको निस्कर्ष निकालिएको छ ।

- राजनैतिक तथा सामाजिक हिसावले यस गाउँपालिकाको वर्तमान अवस्थालाई हेर्दा महिला, दलित र जनजातिहरुको सहभागीता सुधारात्मक भएतापनि अपेक्षाकृत सन्तोषजनक छैन ।
- राजनीतिक दलमा लैससास लक्षित बर्गहरुको नेतृत्व स्थिति नगण्य छ । यसले के देखाउछ भने महिला, दलित, जनजाति,अपांङ्गता,बिपन्न बर्गलाई राजनैतिक रुपमा अगाडी आउन अझै थुप्रै चुनौतिहरु छन् ।
- खर्चिलो राजनीतिक संस्कारका कारण बिपन्न समुदाय राजनीतिमा नआउने जोखिम बढाएको छ । महिला, दलित, अपांङ्गता भएका समुदायले आफै अग्रसरता देखाउन नचाहानु पनि समस्याको रुपमा रहेका छ । त्यस्ता बर्ग तथा समुदायलाई राजनीतिक सचेतनाको अभाव देखिन्छ भने उनिहरु माथि अझै पनि राजनैतिक बिभेद कायमै छ ।
- आर्थिक रुपले कमजोर घरपरिवार तथा व्यक्तिहरुलाइ लक्षित गरी शिक्षा, स्वाथ्य, रोजगारी, आय आर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको

अबस्था छ । यसर्थ त्यस्तो वर्गको जीवन स्तरमा सुधारमा गाउँपालिका सम्बेदनशिल देखिन्छ ।

- यस गाउँपालिकामा कृषि र पशुपालन पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहेको हुनाले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र पालिका बिच सहकार्य गरी अल्पकालिन वा दीर्घकालिन योजनाहरु संचालन गर्दा कृषि तथा पशुपालन क्षेत्रमा उल्लेख्य सुधार भै गरीवी निवारणमा योगदान पुग्ने देखिन्छ जसका लागि गाउँपालिकाले प्रयासहरु गरेको छ तर पर्यापत छैन ।
- यस पालिकामा सिमान्तकृत समुदायको अधिकांस ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन ।
- गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ, त्यसको लागि सुशासनको प्रभावकारी कार्यान्वयनबाट विद्यमान लैङ्गिक बिभेद, घरेलु हिंसा, लैंगिक हिंसा, बाल हिंसा, बालबिबाह, जातीय बिभेद तथा बिभिन्न सामाजिक विभेदहरुको अन्त्य गरी सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि नीतिगत रुपमा नियमन गर्नु आजको जरुरी विषय बनेको छ ।
- गाउँपालिकामा जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीयतहसँग भएको संझौता अनुसार शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक प्रतिनिधित्वलाइ अझ प्रभावकारी बनाउँन थप प्रयासहरु आबश्यक छ ।
- गाउँपालिकाबाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण विकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् । तर यसको प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित विकास प्रक्रिया थालनी गर्नु आबश्यक देखिन्छ । सुशासनको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ ।
- सर्वप्रथम गाउँपालिकाभित्र लैससासका लक्षित वर्गहरुको एकिन तथ्यांङ्क संकलन र अध्यावधिक गरेको पाईदैन यद्दपी, पालिकाले लक्षित बर्गहरुका लागि बिभिन्न कार्यक्रमहरुमा बजेट बिनियोजन गरी उनिहरुलाई फाईदा पुऱ्याउने हेतुले कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास भएको देखिन्छ । यस सम्बन्धमा नीतिगत प्रावधानको अभावका कारण कार्यक्रमहरु स्पष्ट र नतिजामुखि हुन सकेका छैनन् । यसर्थ लैससास नीति, रणनीति तर्जुमा गरी व्यबस्थित रुपमा विकास प्रयासहरु सुनिश्चित गर्न हाल लक्षित वर्गको अवस्था पहिचानका लागि आबश्यक कार्य थालनी गरिहाल्न आवश्यक रहेको छ ।

लक्षित वर्गको विश्लेषण,  र सेवा सुबिधाको सम्बन्धमा संक्षिप्त विवरण तलको टेवुलमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

| | |
|---|---|
| राजनीतिक दलहरु र लक्षित कार्यक्रम | राजनितिक दलहरुमा लैससास लक्षित वर्गको पहुँच, नेतृत्व र सहभागिता प्रगति उन्मुख छ । |
| दलितको अबस्था र लक्षित कार्यक्रम | राजनितिक नेतृत्व, योजना तर्जुमा, उपभोक्ता समिति गठनमा लगायत गाउँपालिकाका अन्य गतिबिधिहरुमा राम्रो सहभागिता छ । शसक्तिकरण, क्षमता विकास र आयमुलक व्यबशायका लागि सहयोग गर्नु पर्ने अबस्था देखिन्छ । |
| महिलाको अबस्था र लक्षित कार्यक्रम | महिला लक्षित कार्यक्रम संचालन गरिएको छ । गाउँपालिकाका सबै कृयाकलापहरुमा सहभागिता र सहकार्यका लागि उपयुक्त वातावरण बनाइएको छ । लघु उद्यम प्रबर्द्धनमा आर्थिक तथा वजारीकरणमा सहयोग गर्नुपर्ने अवस्था छ । खण्डिकृत तथा एकिकृत तथ्यांक संकलन र अद्यावधिक गर्नुपर्ने आबश्यक छ । |
| जनजातीको अबस्था र लक्षित कार्यक्रम | राजनितिक नेतृत्व, योजना तर्जुमा, उपभोक्ता समिति गठनमा लगायत गाउँपालिकाका अन्य गतिबिधिहरुमा राम्रो सहभागिता छ । शसक्तिकरण, क्षमता विकास र आयमुलक व्यबशायका लागि सहयोग गर्नु पर्ने अबस्था देखिन्छ । |
| बालबालिकाको अबस्था र लक्षित कार्यक्रम | बाल क्लवहरु गठन गरी बालबालिकाको सर्बाङ्गिण विकासका लागि बिभिन्न गतिबिधिहरु गर्ने गरिएको । बालमैत्रिनगर बनाउँने अभियानमा अघि बढेको छ । |
| अपांग अशक्तको अबस्था र लक्षित कार्यक्रम | सामाजिक सुरक्षामा जोडिएको छ । अपाङ्गता मैत्रि भौतिक पुर्वाधार विकासमा जोड दिइएको छ । |
| जेष्ठ नागरिकको अबस्था र लक्षित कार्यक्रम | सामाजिक सुरक्षा र संक्षणका कार्यहरु गरिएको छ । गाउँपालिकाबाटसम्मान कार्यक्रम गरिएको छ । |
| एकल महिलाको अबस्था र लक्षित कार्यक्रम | सामाजिक सुरक्षामा जोड, महिला हिंसाको अन्त्यको लागि पहलकदमी गरिएको छ । |
| प्रयोगकर्ता मैत्रि भौतिक पुर्बाधार विकास | प्रयोगकर्ता मैत्रि भौतिक पुर्वाधार विकासालाइ प्राथमिकता दिइएको छ । |

## ८.लैससास रणनीतिको औचित्यताः

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि  समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु, कुरीति र परम्परागत सामाजिक हानिकार अभ्यास परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले पालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लागु गर्न गराउन आबश्यकता महशुस गरी यस गाउँ पालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ। लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छः

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहरुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ ।

## ९. दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्धेश्य

९.१. दीर्घकालिन सोच : लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री,  समाबेशी,  समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

९.२. ध्येय : सामाजिक समावेशीकरणलाई सबै आयामहरुमा मुलप्रवाहिकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने ।

**९.३. लक्ष्य :** समतामुलक, पुर्ण समाबेशीकरण, प्रबिधिमा आधारित र सीपमुलक लैससास मैत्रि विकास माफृत समृद्ध समाज निर्माण भएको हुनेछ ।

**९.४. उद्देश्य :**

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन:

९.४.१. लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

९.४.२. स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरु सहित महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

९.४.३. लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

९.४.४ स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## १०. नीति

१०.१ स्थानीय सरकारले सचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ। (उद्देश्य ९.१ संग सम्बन्धित) ।

१०.२ लैङ्गिक उत्तरदायी बजेटलाई तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पँहुच अभिबृद्धि गरिनेछ। (उद्देश्य ९.१ संग सम्बन्धित) ।

१०.३ स्थानीय सरकार, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।(उद्देश्य ९.२ संग सम्बन्धित) ।

१०.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालहरुसंग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।(उद्देश्य ९.३ संग सम्बन्धित) ।

१०.५ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ। ( उद्देश्य ९.४ संग सम्बन्धित) ।

## ११. रणनीति

### ११.१ मूलप्रवाहिकरण:

क) मैवा खोला गाउँपालिकामा महिला, बालबालिका तथा गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत बहिस्करणमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र स्थानीय बिकाशको प्रक्रियामा मुल प्रबाहिकरण गरिनेछ ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैगिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिनेछ ।

### ११.२ सशक्तिकरण:

बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिबासी जनजाती, दलित, पिछडाबर्ग, अल्पसंख्य आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ ।

### ११.३ क्षमता बिकास:

क) स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने ।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने ।

### ११.४ समन्वय, सहकार्य र सहजीकरण:

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने ।

### ११.५ अनुगमन तथा मूल्यांकनः

स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ । लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

## १२. कार्यनीति

### १२.१ कार्यनीति (रणनीति ११.१ सगं सम्बन्धित)

क) योजना र कार्यक्रम चक्रमा लैससासको एकिकृत गरि लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्नेछ ।

ख) बढी भन्दा बढी जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम विकास गर्नेछ ।

घ) लैङ्गिक उतरदायी बजेट तर्जुमा तथा लैंगिक लेखाजोखा बिधीलाई लैङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ ।

ङ) स्थानीय सरकारको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एव निरन्तर सञ्चालन गर्ने ।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने ।

छ) लैङ्गिक उत्तरदायी वजेट मार्फत नतिजामुखी मध्यकालिन खर्च संरचना तथा आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने ।

ज) लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा,मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने ।

झ) लैङ्गिक उत्तरदायी वजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ ।

ञ) स्थानीय तहका लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक, बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने ।

ट) लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गर्न आवश्यक तथ्याँक र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्ने ।

ठ) सेवाप्रदायक निकायका सरोकारवालालाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने ।

ड) स्थानीय सरकारका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने।

ढ) स्थानीय सरकार प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्ने ।

## १२.२ कार्यनीति (रणनीति ११.२ संग सम्बन्धित)

क) खण्डीकृत तथ्यांक र तथ्यांगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्ने ।

ख) स्थानीय तह संग समन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाट पुनरावलोकन तथा निर्माण गर्ने ।

ग) विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यन्वयन गर्ने ।

घ) विविधताको सम्मान गर्ने ।

१२.२.१ संस्थागत ब्यबस्थाः लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

१२.२.१.१ सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्यः

यस शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित कामहरू गर्नेछन। साथै यस शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछनः

क) स्थानीय तहका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम्विश्लेषण गर्ने ।

ख) महिला र अन्य सीमान्तकृत समुहको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने ।

ग) लैससासको प्रवर्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने ।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने ।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक,संरक्षणात्मक उपाय र पुनस्थापना गर्ने ।

छ) लैङ्गिक पक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

झ) लैङ्गिक पक्ष सम्वन्धि गुनासो व्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने ।

ञ) कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गर्ने ।

ट) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्ने ।

ठ) महिला एवं वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने ।

ड) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने ।

ढ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने ।

ण) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने ।

त) संविधान तथा दीगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने ।

थ) योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने ।

द) निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गर्ने ।

ध) लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने ।

न) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

प) लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क व्यक्ति (न्भलमभच ँयअबी एभचकयल)नियुक्त गरी कार्यबिबरण तोकीनेछ ।

फ) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र पालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यबस्था गरिनेछ ।

ब) पालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समाबेशीमैत्री बनाइनेछ ।

भ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ ।

म) पालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

व) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

र) पालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने ।

ल) पालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि परेका वा पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

ह) पालिकाको गरिबी नक्सांकन साथै लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्यावधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

१२.२.१.२ बिभिन्न समितिहरुको गठनः

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन पालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । पालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। संविधान अनुसार स्थानीय सरकाले विभिन्न समितिहरु गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ ।

(क) गाँउपालिका  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रण नीति कार्यन्वयन तथा अनुगमन समितिः

निम्नानुसारका मूलपरवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१. गाँउपालिकाको अध्यक्ष - संयोजक

२. गाँउपालिकाको उपाध्यक्ष - सदस्य

३. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

५. गाउं कार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला)- सदस्य

६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यक्ति - सदस्य

७. गाँउपालिकाको महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख- सदस्य सचिव

(ख) गाँउपालिका लैससास मूलप्रवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः

१. गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा वा नगरसभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गउँसभा समक्ष सिफारिस गर्ने ।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिनेर कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

६. गाउँपालिका नियमितरुपमा लैंगिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने ।

८. गाउँपालिका क्षेत्र भित्र लैससाससंग सम्वन्धि काम गर्ने संघ-संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

९. पालिकामा लैससाससंग सम्बन्धित विषय बस्तु हेर्नलाई लैससास शाखा वा डेस्कको व्यवस्था गर्ने ।

(ग) गाँउपालिका लैससास कार्यन्वयन तथा अनुगमन समितिको बैठक र निर्णयः

१. समितिको बैठक वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

६. समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) वडास्तरीय समितिः

गाँउपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः - संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः - सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः - सदस्य

४. वडास्तरीय बाल संजालको अध्यक्ष - सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः - सदस्य सचिव

(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, लैङ्गिक यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बद्धधन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि कार्यक्रम वनाई गाउँपालिकामा पेश गर्ने ।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

## १२.३ कार्यनीति (रणनीति ११.३ संग सम्बन्धित)

क) लैससासका लागी सस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि कार्यन्वयनगर्ने ।

ख) स्थानीय सरकारको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ ।

ग) सबै समुदायका विपन्न महिला, पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी स्थानीय तहको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईने छ ।

घ) लैससास सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गर्ने ।

ङ) स्थानीय सरकारका प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूल अवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने ।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिशकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईने ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ ।

ज) स्थानीय सरकारले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गने ।

झ) लैससास सम्बन्धि असल अभ्यास छनौट गरी सो को प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने ।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण

गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने ।

## १२.४ कार्यनीति (रणनीति ११.४ संग सम्बन्धित)

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच तल उल्लेख गरे अनुसार साझेदारी तथा सहकार्य गरिनेछ ।

| **समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरु।** | **संभावित कार्य तथा भूमिका र जिम्मेवारी** |
|---|---|
| केन्द्रिय तथा प्रादेशिक सरकार | • लैससासलाई राष्ट्रिय नीतिहरुमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br>• लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने ।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने ।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा<br>• सुविधामा पहुँच पु-याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने |
| महिला,दलित,आदिवासी जनजाति,पिछडिएका समुदाय, आदि वञ्चित समूहहरू | • खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने । |
| बिकास साझेदारी सस्थाहरु | • केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरुको लैससास सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने ।<br>• लैससास लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने ।<br>• यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, |

| | |
|---|---|
| | • प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने । |
| नागरिक समाज, गैसस तथा निजी क्षेत्र | • महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुर्याउन समन्वय र सहकार्य गर्ने । |
| स्थानीय समुदाय | • यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने ।<br>• आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>• लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>• महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने । |

## १२.५ कार्यनीति (रणनीति ११.५ संग सम्बन्धित)

क) स्थानीय सरकार अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र स्थानीय सरकार स्वंम लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने ।

ख) लैससास महाशाखा वा शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग उस्को कार्यविधि, निर्देशिका, फ्रेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने ।

ग) स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससास मूखी बनाउन उद्देश्य र सूचकहरु लैससासका आधारमा खण्डिकृत गर्ने ।

घ) खण्डिकृत तथ्याँक संकलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्याँक सम्मिलित प्रतिबेदन पेश गर्ने ।

ङ) लैससास शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने ।

च) लैससास शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने ।

छ) गाउँपालिकामा गठित सूपरिबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास शाखा र लैससास समन्वय समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरुको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्राराम्भिक तथ्याँक संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखिकरण गर्ने ।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने ।

## १३. रणनीति पुनरावलोकन तथा सुधार

यस रणनीति कार्यवनयनको प्रभावकारीता, उपयुक्ता र उपदेयताको मुल्याकनलाई आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ ।

## १४. बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी स्थानीय सरकारले बाधा अड्चन फुकाउन सक्नेछ ।

## १५. अवस्था विश्लेषण .(SWOT)

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । यो गाउँ पालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (क्ध्इत) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीतिकानून, संस्थागत व्यवस्था , मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिनु पर्दछ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

मैवा खोला गाउँपालिकाको लैससास अवस्था विश्लेषण

| बलियो पक्ष (Strength) | कमजोर वा सुधार गर्नुपर्ने पक्ष (Weakness/Improvement) | अवसरहरु (Opportunities) | चुनौतीहरु (Threats ) |
|---|---|---|---|
| १. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु केही मात्रामा समावेश भएको ।<br>२. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको ।<br>३. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।<br>४. टोल विकास संस्था र उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।<br>५. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% भन्दा वढी भएको।<br>६. महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको<br>७. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा | १. गाउँपालिकाको प्रोफाइल तयार गरी खण्डीकृत तत्थ्यांक अध्य आवधिक गर्नु पर्ने ।<br>२. गाउँपीलकाको लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको ।<br>३. लैससास सम्बन्धी नीति रणनीति बनाइ कार्यन्वयनमा ल्याउँनु पर्ने ।<br>४. लैङ्गिक उत्तरदायी बजेट निर्माण एवम लैससास परीक्षणलाई वजेट व्यवस्थान नभएको ।<br>५. महिला पुरुष एवं रैथाने तथा आप्रवासी कामदार तथा श्रमजिवी उपर ज्यालामा विभेद रोक्ने प्रावधान बनाइ लागु गर्नु पर्ने ।<br>६. गाउँपालिकाले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको | १. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको।<br>२. विभिन्न गैह्रसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा गाउँपालिका रहनु ।<br>३. युवा जनप्रतिनिधि र कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने<br>४. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु ।<br>५. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु । ( आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)<br>६. एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको | १.छुवाछूत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।<br>२. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन ।<br>३. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक |

| | | | |
|---|---|---|---|
| महिला सहभागिता सुनिश्चित गरेको । <br>८. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको । <br>९. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको । <br>१०. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको । <br>११. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको । <br>१२. गाउँपालिका भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको । <br>१३. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी ) <br>१४. उमेर पुगेका सबै | पक्षवाट हेर्ने नगरेको । <br>७. कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको। <br>८. निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको <br>९. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गर्नु पर्ने । <br>१०. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोगमा जोड दिनु पर्ने । <br>११. समावेशी सुचना प्रणाली व्यावस्थापनका लागि बजेट विनियोजन तथा कार्यान्वयन। <br>१२. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको <br>१३. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था नभएको । | पहुँच हुनु । (सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने ) <br>७. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु । | फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्नमा समस्या । <br>४. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न । <br>५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन गर्न। <br>६. मोवाइल को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक |

| | | | |
|---|---|---|---|
| वालवालिकाहरु विद्यालय भर्ना भएका ।<br>१५. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको<br>१६. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।<br>१७. सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।<br>१८. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको । | १४. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको<br>१५. लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा नभएको ।<br>१६. सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण गरी लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने नगरेको ।<br>१७. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा वाँधिएको सुनिश्चित गरिनुपर्ने ।<br>१८. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।<br>१९. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।<br>२०. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको । | | प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै गाएको।<br>७. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन।<br>८. लैगिंक खण्डिकृत तथ्यांकको अभावको कारण सहि रुपामा योजना तथा बजेट व्यवस्थापन गर्न<br>१४.बेरोजगार तथा गरिबहरुको खण्डिकृत डाटा |

| | | | |
|---|---|---|---|
| | २१. लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा हुन नसकेको ।<br>२२. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।<br>२३. गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।<br>२४. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।<br>२५. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।<br>२६. लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको । योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।<br>२७. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा | | अद्यावधिक नभएको |

| | | | |
|---|---|---|---|
| | सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।<br>२८. कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रण गर्न आचार संहिता नबनाएको । | | |

## १६. रणनीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरू:

यस लसैसास रणनीति कार्यान्वयन गर्ने सन्दर्भमा मैवाखोला गाउँपालिकाले लागु गर्ने पाच (५) बर्षे प्रस्तावित रणनीति, कार्यक्रम तथा प्रमाणीकरणका आधारहरू:

| रणनीतिक | मुख्य कृयाकलापहरु | जिम्मेबारी र सहयोगी निकाय | समय अबधि | प्रमाणिकरण्को आधार |
|---|---|---|---|---|
| **पुर्ण समाबेशीता र मूलप्रवाहिकरण ा** | • लैससास सम्बन्धि तथ्यांक संकलन, विश्लेषण गरी लक्षित समुह पहिचान गर्ने र उनीहरुको विकास र प्रबर्द्धनका लागि ठोस योजना बनाइ कार्यान्वयन गर्ने ।<br>• तथ्यांकलाइ बार्षिक रुपमा अध्यावधिक गर्ने । तथ्यांक र सूचकहरुलाइ वेवसाइटमा राख्ने ।<br>• पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको सवाल र समस्या पहिचान गर्ने ।<br>• लैससास लक्षित वर्गको अर्थपुर्ण सहभागिता र मुलप्रभावीकरणका लाीग रणनीतिक तरीका अपनाउँने । | पालिका | २ बर्ष भित्र | तथ्यांक, कार्ययोजना र निर्णय पुस्तिका |
| आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरण | • विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका अशक्त, गरीब, तथा लक्षित वर्ग/समूहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराउँने ।<br>• समाबेशीकरणलाइ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरणको रुपमा सुनिश्चित गर्ने ।<br>• सम्भावित प्राकृतिक तथा मानव सिर्जित विपत व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन, आयमुलक व्यवसाय र लघु उद्यम विकास मार्फत लैससासलाई समृद्ध बनाउँन प्रयास गर्ने । | पालिका | ४ बर्ष भित्र | सहभागिता गराएको उपस्थिती पुस्तिका, फोटो, भिडियो आदि |
| संस्थागत | • लैससासको सुदृढिकरणको लागि सबै सरोकारवालाहरुसंग | पालिका | ५ बर्ष सम्म | सहकार्यको |

| | | | | |
|---|---|---|---|---|
| संरचना, सचेतिकरण तथा क्षमता विकासः | प्रभावकारी साझेदारीता, सहकार्य र समन्वय स्थापित गर्ने ।<br>● कार्यक्रम कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गर्ने ।<br>● सेवाप्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउँनने<br>● व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>● सामाजिक सुरक्षा र संरक्षण सुनिश्चित गर्न निर्दिष्ट कार्ययोजना बनाई लागु गर्ने । | | निरन्तर | संझौता तथा दस्तावेजहरु, संस्थागत संरचनाको ढाँचा, अभियानका प्रतिबेदनहरु |
| समन्वय, सहकार्य र साझेदारीता | ● केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरणको लागि स्पष्ट कार्ययोजना र रणनीति अख्तियार गर्ने ।<br>● सहकार्य र साझेदारीता मार्फत हासिल उपलब्धिलाई तुलनात्मक विश्लेषण गरी बार्षिक रुपमा सार्वजनिक गर्ने । | पालिका | ५ बर्ष सम्म निरन्तर | संझौता र समझदारी पत्रहरु, विवरण सार्वजनिक गरेको प्रमाण |
| अनुगमन तथा मूल्यांकनः | ● सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने ।<br>● अनुगमन र मुल्यांकन प्रणालिको संस्थागत विकास गर्ने<br>● अनुगमनको नतिजालाई वेवसाइटमा राख्ने । | पालिका | निरन्तर ५ बर्ष सम्म | अनुगमन प्रतिबेदन |
| सुशासन, पारदर्शिता र प्रविधिको प्रयोग | ● लैससासका हरेक गतिविधिलाई वेवसाइटमा राख्ने ।<br>● वेवसाइट भिजिट गरी जानकारी हसिल गर्न र सुसुचित हुन बस्ती र संस्था स्तरमा सचेतना अभिबृद्धि कार्यक्रम लागु गर्ने ।<br>● गुनासाहरु अनलाइन विधिबाट पेश गर्ने, गुनासाहरु सम्बोधन गर्ने उचित संयन्त्रको विकास गर्ने, गुनासाहरु सम्बोधन भए नभएको | पालिका | दोस्रो बर्षबाट शुरु गरी ५ बर्ष सम्म निरन्तर | वेवसाइट, तथ्यांक र विवरणहरु, फोटो आदि |

| | | | | |
|---|---|---|---|---|
| | बिषयलाई अनलाइनबाटै जानकारी लिन सकिने प्रबिधिको विकास गरी लागु गर्ने । | | | |
| लैससास नीति, रणनीति तर्जुमा र लैससास परिक्षण | • यसै बर्ष भित्रमा लैससास नीति तर्जुमा गर्ने ।<br>• यो लैससास रणनीतिलाई गाउँपालिकाबाट पारित गराई लागु गर्ने । यो रणनीतिको बार्षिक रुपमा पुनरावलोकन गरी समय सापेक्ष बनाउँदै लैजाने ।<br>• बार्षिक रुपमा लैससास परिक्षण गर्ने । परिक्षणको नतिजा अनुसार सवल पक्षहरुलाई कायम राख्ने र कमजोर पक्षहरुलाई सुधार गरी सवल पक्षमा परिणत गर्न आवश्यक कार्यनीति अख्तियार गर्ने । | पालिका | यसै बर्षबाट शुरु गर्ने | लैससास रणनीति योजना, योजना पारित भएको निर्णय पुस्तिका, लैससास परिक्षण प्रतिबेदन |
| लैंगिक हिंसा | • लैससास नीति तर्जुमा गरी लैंगिक हिंसा अन्त्यका लागि स्पष्ट प्रावधान र नियमनको लागि कार्यबिधि तय गर्ने ।<br>• गुण र दोषको आधारमा कार्वाही, दण्ड जरीवाना, सजाय, पुरस्कार प्रोत्शहको रणनीति अपनाउँने ।<br>• लैंगिक हिंसा अन्त्यका लागि क्षमता विकास, सचेतिकरण र पैरवी जस्ता कार्यक्रमहरु संचालन गर्ने । | पालिका | पहिलो बर्ष देखि ५ बर्ष सम्म | कार्यबिधि, क्षमता विकास कार्यक्रमको प्रतिबेदन |
| लैससास सम्बेदनशिल सेवा | • लैससास शाखा वा यो बिषय हेर्ने फोकल शाखाकोरव्यक्तिको क्षमता विकासमा जोड दिने जसका कारण लैससास सेवा प्रभावकारी बनोस ।<br>• पालिकाका सबै शाखाबाट प्रवाह हुने सेवालाइ गुणसतरी, छीटो र भरपर्दो बनाउँने । | पालिका | यसै बर्षबाट शुरु गरी ५ बर्ष सम्म निरन्तर लागु गर्ने | लैससास हेर्ने शाखा या व्यक्ति, सेवा सुनिश्चित भएको कागजातहरु आदि |

## १७. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था :

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवाप्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्नु पर्दछ । गाउँपालिका क्षेत्र भित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिने छ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रल लगायत स्थानीय समुदाय, गैरसरकारी संघ संस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिने छ ।

### १७.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससास मैत्री बनाइने छ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइने छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिने छ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिने छ ।

ख) गाउँपालिका स्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गरिने छ ।

### १७.२ गाउँपालिको भूमिका :

ग) लैंससास सम्पर्क व्यक्ति ९न्भ्क्ष ँयअबा एभचकयल० नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससास मैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सूचना शाखाको प्रभावकारी व्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनीति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने

ञ) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने ।

ट) लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।

ठ) लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।

ड) वडा तथा टोलवस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

ढ) गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।

ण) लैंङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।

त) लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।

थ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरिक मैत्री संरचना निर्माण र सेवा प्रवाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

द) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आवश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।

ध) स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।

न) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।

प) स्थानीय आवश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने ।

### १७.३. वडा कार्यालय भूमिका

- गाउँपालिकाबाट जारी गरिएका नीति, रणनीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।

- टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति संवेदनशिलता अपनाउने ।
- समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरिक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक स्रोत तथा सेवाप्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।
- योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागिता मूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।
- वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र विश्लेषण गरी गाउँ पालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने ।

### १७.४.लैङ्गिक सम्पर्क व्यक्ति

- महिला, बालबालिकातथा जेष्ठ नागरिक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,
- गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षित समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र  गाउँ कार्यपालिका समक्ष जानकारी गराउने ।
- गाउँपालिकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एबं सहजीकरण गर्ने ।
- कार्य स्थलमा हुने यौनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय बिच समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- लैससास सम्बन्धि आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।
- समुदायमा बिद्यमान लैंङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्यमान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।
- लैंङ्गिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा वडाहरु र उपमहानगरपालिकामा सहजीकरण गर्ने ।
- गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससास मैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण  स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रममाग गर्ने ।

- सुचना शाखासंग निकटतम् सम्बन्ध एबं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।

- गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंङ्गिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने।

- गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससास मैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अभिप्रेरित गर्ने ।

### १७.५ अन्य विषयगत शाखा

- गाउापालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंङ्गिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।

- विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने ।

### १७.६. स्वास्थ्य शाखा

- लैंङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवाप्रवाह कार्यमा लैंङ्गिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।
- स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससास मैत्री सेवाप्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।
- लैससास मैत्री सेवाप्रबाहका लागि आवश्यक संरचना तथा उपकरण ब्यवस्थापन सम्बन्धी योजना बनाई उपमहानगरपालिका समक्ष माग गर्ने ।

- सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यवस्थापनका लागि योजना बनाई माग गर्ने ।

- महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत बञ्चितीमा परेका ब्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भएन भएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने ।

### १७.७. शिक्षा शाखा

- अति विपन्न तथा विभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवाखाजाको ब्यवस्थापन गरी नियमित विद्यालय आउने वातावरण सृजना गर्ने ।

- विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।
- बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।
- बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।
- बाल बिवाह न्यूनिकरणका लागि सहकृयाकलाप गर्न सबै बिद्यालयमा सहजीकरण गर्ने ।
- विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।
- विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा शौचालयको व्यवस्थापनका लागि योजना बनाई उपमहानगरपालिका समक्ष माग गर्ने ।

### १७.८.स्थानीय प्रहरी कार्यालय

- घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।
- प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धानकार्य छिटो छरितो र चुस्त दुरुस्त गर्ने ।
- बालबिबाह, लागु औषध दुर्व्यसनी बिरुद्ध सचेतना मूलक अभियानमा सहभागि हुने ।
- अनुसन्धान प्रक्रियामा लैङ्गिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने । अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने ।

### १७.९.विकासका साझेदारहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा पालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- महिला, दलित, अपांग जेष्ठ नागरिक, विपन्न लगायत पछाडी पारिएका वर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।
- विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने ।

### १७.१०.गैरसरकारी संस्थाहरु

- गाउँपालिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।

- महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।
- लैंङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपद्बाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।
- गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।
- लैंङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

### १७.११.गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु

- लैंङ्गिक विभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपी कार्यक्रम माग गर्ने ।
- लक्ष्यीत वर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्याहरु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।
- स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।
- समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।
- लैंङ्गिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठ नागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको व्यवस्था गर्न माग गर्ने ।
- सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंङ्गिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने ।

### १७.१२. निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी संघ, सहकारी, बैंक आदि)

- निजी क्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने ।
- महिला, विपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।
- वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा पालिकासंग समन्वय र सहयोग गर्ने ।

- महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।
- गाउँपालिकासंग समन्वय गरी लक्ष्यीत बर्ग उत्थान सम्बन्धीकार्यहरु संचालन गर्ने ।

### १७.१३.समुदाय

- गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमाक्रियाशिल रहने ।
- आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आवश्यक ताअनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।
- सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठ नागरिक लगायत विपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।
- सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।
- महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने
- स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने ।

### १७.१४.सरोकारवाला बिच समन्वय एवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंङ्गिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु बिच समन्वय र सहकार्य हुनु जरुरी छ । लैससास नीतितथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक बिच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

## १८. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन :

सामान्यतया थोरै बार्षिक बजेट आउने यस गाउँपालिकामा भौतिक संम्रचना निमार्ण, मोटर बाटोका स्तर उन्नती, खानेपानी बिजुली आदीका समस्याहरु धेरै भएकाले सिमित बजेटबाट लैससास लक्षित वर्गलाई आवश्यक पर्ने बजेट विनियोजन गर्न नसकिएको यर्थाथ अवस्थालाई हेर्दा संघिय र प्रदेश

सरकारबाट नै बजेटको आकार बढाउने पर्ने अवस्था देखिन्छ ।  आधुनिक प्रबिधिको विकास संगै पालिकाले दिने सेवाहरुलाई प्रविधिमैत्री बनाउदै लैजानु पर्ने आवश्यक्ता छ । लैससास लक्षित वर्गहरु सबै भन्दा धेरै कृषि पेशामा आवद्ध भएकाले कृषिलाई प्रविधिसँग जोड्न, जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्त उपलब्ध गराउन, नागकिहरुलाई स्थानीय सरकारका सूचनाहरु सहज पुऱ्याउन, अशक्तहरुलाई प्रविधिका माध्यमबाट सहजता दिलाउन आवश्यक छ । स्रोत साधानको बिश्लेषण गर्दा पालिकाको विद्यमान क्षमता र आवश्यक सुधार र विकासका कार्यहरु निम्न अनुसार गर्नु पर्ने देखिन्छ ।

| विद्यमान अवस्था | के अभाव छ | सुधारका लागि गर्नु पर्ने काम |
|---|---|---|
| आर्थिक स्रोत | संघीय र प्रदेश सरकारको भर पर्नु पर्ने | आन्तरिक स्रोत बढाउँनु पर्ने |
| सतही कार्ययोजना | ज्ञान, सीप मा पर्याप्तता नहुनु | दिर्घकालिन र अल्पकालिन प्याकेज बनाई क्षमता विकास को कार्य गर्नु पर्ने |
| दक्ष मानव स्रोतको अभाव | यस विषयमा काम गर्न सक्ने आन्तरिक तथा बाह्य स्रोत व्यक्तिहरुको पहिचान नुहुनु | रोष्टर तयार गरी आवश्यकता अनुसार दक्ष मानवस्रोत परिचालन गर्नु पर्ने |
| साझेदारीता | देशि तथा विदेशी दातृ निकायको उपस्थिती कम | देशी तथा विदेशी दातृ निकायहरु संग साझेदारीता अभिवृद्धि गर्नु पर्ने |
| न्युन सहकारी संस्थाहरु | सहकारी र बित्तिय संस्थाहरु संग साझेदारीताको स्पष्टता नभएको | सहकारी र बित्तिय तथा बैंकिङ्ग साझेदारिता पनि अभिबृद्धि गर्नु पर्ने |
| शैक्षिक संस्थाहरुको परिचालन गर्न उपलव्ध संस्थाहरु रहेको | के कामका लागि परिचालन गर्ने र कसरी भन्ने फ्रेमवर्क नभएको | विद्यालय, कलेज र प्राविधिक शिक्षालयका शिक्षक र बिद्यर्थीहरु को परिचालन गर्न सकिने |

लैससासको सवाल आफैमा बिस्तृत भएकाले यसका विभिन्न आयामहरुलाई अगाडी बढाउन लक्षित वर्ग तथा समुदायका नागरिकहरुलाई सशक्तिकरण गर्नु पर्ने अवस्था छ । यसका लागि यस गाउँपालिकामा यसका बिज्ञ वा स्रोत व्यक्तिहरुको अभाव रहेको छ ।

बिवभन्न कानुन तथा नियमहरु निर्माण गरी पालिकाले विभिन्न विकास तथा समाजिक सुधारका कार्यहरु गरिहरेको छ । खासगरी लैससास केन्द्रित नीति नियम बनेको पाइदैन । सबभन्दा पहिला

लैससासनीति र रणनीति तर्जूमा हुन आवश्यक छ । संगै संगै पालिकाको क्षमता विकास योजना बनाई लैससास लक्षित कार्यक्रमहरु निर्धारण गरी काम गर्न आवश्यक छ । पालिकामा प्राप्त हुने अनुदान न्युन हुने, आन्तरिक आयका स्रोत नहुने र विकास साझेदारहरु संग सहकार्यको उचित वातावरण समेत नबनेको हुँदा यस तर्फ पालिकाले योजना बनाएरै काम गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## १९.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

मैवा खोला गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंङ्गिक तथा सामाजिक समावेशीकरण उद्देश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समवेश गरिनेछ । लैंङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भएन भएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । वार्षिक प्रगतिका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ । लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न  देहायब मोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकिएको छ ।

## २०.वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ । स्थानीय तहहरुले ऋत्ब्ब मार्फत नै वजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ स्थानीयकरण गरी यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## २१. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।

## २२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन तथा अनुगमन समितिको हुनेछ भने वडामा वडा स्तरी लैससास कार्यन्वयन तथा अनुगमन समिति हुनेछ । कार्यालयले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरुको सहयोग लिएर रणनीति कार्यान्वयनमा छूटेका विषयहरु पहिचान गर्न सकिने छ ।

## २३. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### २३.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

क. पितृसत्तात्मक तथा सामान्ती सोच हावी रहेको सर्न्दर्भमा लैङ्गकि समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्छ ।

### २३.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।


ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. गाउँपालिकाको हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने ।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

# अनुसूचीहरु

## अनुसूची १ : विभिन्न बैठक र कार्यशालाहरुको उपस्थिति



लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको मस्यौदा प्रतिवेदन प्रस्तुतिकरणको

हाजिरी तथा माइन्युट

आज मिति २०८२ साल जेष्ठ ३ गतेका दिन मैवाखोला गाउँपालिकाको आयोजना तथा नेपाल एवल फाउण्डेशनको सहजीकरणमा गाउँपालिकाको GESI STRATEGY को मस्योदा प्रतिवेदन माथि छलफल/अन्तरक्रिया तथा सुझाव दिने कार्यक्रम मैवाखोला गाउँपालिकाको अध्यक्ष श्री विजय प्रकाश वनेमज्यू को अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

| क.सं. | नाम/थर | पद | मोबाइल नम्बर | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | 9852660934 | [illegible] |
| २ | श्री लक्ष्मीमाया गोरदेन | नि. प्र. प्र. अ | 9852660936 | [illegible] |
| ३ | श्री कुमार लिम्बु | वडा अध्यक्ष | 9842747945 | [illegible] |
| ४ | श्री चन्द्र कुमार तामाङ | वडा नं १ वडाध्यक्ष | 9852660006 | [illegible] |
| ५ | श्री राजुमान लिम्बु | ६ नं. वडा अध्यक्ष | 9852660946 | [illegible] |
| ६ | रिना सेर्पा | का. पा. स. | ९८४२६८४७३५ | [illegible] |
| 6 | नर कुमारी लिम्बु | का. पा. स | ९८६१६६८८४२ | [illegible] |
| ८ | सुस्मिता फागो | का. पा. स. | 9862757879 | [illegible] |
| ९ | मधुकला चोङवाङ | महिला उत्थान तथा सशक्तिकरण [illegible] | 9842745045 | [illegible] |
| १० | सीता माया लिम्बु | महिला [illegible] | 9762999832 | [illegible] |
| ११ | देवी प्रसाद चापागाईं | प्राथमिक शाखा प्रमुख | ९८५२६६०९३६ | [illegible] |
| १२ | फुर्वा शेर्पा | स्वा. शा. प्रमुख | ९८६०८४९६०६८ | [illegible] |
| १३ | अनम लङवा लिम्बु | उद्यम विकास सहजकर्ता | ९८४०५६५२३३ | [illegible] |
| १४ | मिना शेर्पा | पूर्व [illegible] शाखा | 9844022450 | [illegible] |
| १५ | अर्जुन कुमार घिमिरे | शिक्षा शाखा | 9842745535 | [illegible] |

| क.सं. | नाम/थर | पद | मोबाइल नम्बर | दस्तखत |
|---|---|---|---|---|
| १६. | नैनानन्द गौतम | ज्येष्ठ नागरिक | छैन | नैनानन्द गौतम |
| १७. | लोक बं. कार्कीडोलि | " | - | लोकबाहदुर |
| १८ | अनम लाङ्का लिम्बु | उद्यम विकास केन्द्र | ९८४०३६८१३३ | [illegible] |
| १९ | मिना शेर्पा | पूर्वधार शाखा | — | [illegible] |
| २०. | निवेश कोइराला। | [illegible] | ९७०८१७९९३३ | [illegible] |
| २१. | उमेश भट्टराई | इन्जिनियर | 9852045147 | [illegible] |
| २२. | राम कुमार ढुगाना | - | 9851012876 | [illegible] |
| २३ | पेम्बा शेर्पा | [illegible] | ९८६०९४८८२९० | [illegible] |
| २४, | देवमणी दाहाल | शिक्षा विज्ञ | ९८४१०५५८६३ | [illegible] |
| २५, | कविता गिरी | स.म.वि.नि | 9848175923 | [illegible] |
| २६ | प्रेम कुमार लामिछाने | पूर्वाधार शाखा | 9842578779 | Premy |
| २७ | तारा शेर्पा | पूर्वाधार शाखा | 9864546572 | [illegible] |
| २८ | आकाश ढाङ्गाल | प्रा.स (रोजगार) | 9862771215 | [illegible] |
| २९ | पेमा शेर्पा | अ.न.ई | 9742918274 | [illegible] |
| ३० | अनन्त गिरी | सहजकर्ता | ९८४१०३३२८८ | [illegible] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बैठक नं.१

आज मिति २०८२/०१/२५ गते मैवाखोला गाउँपालिकाका अध्यक्ष विजय प्रकाश वनेम ज्यूको अध्यक्षतामा बैठक बसी परामर्शदाता संस्था नेपाल एवल फाउण्डेशनको सहजीकरणमा यस गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्न देहाय बमोजीमको निर्णयहरु गरियो ।

उपस्थिति

१. श्री विजय प्रकाश वनेम – अध्यक्ष, मैवाखोला गाउँपालिका

२. श्री कमल कुमारी लिम्बु, उपाध्यक्ष, मैवाखोला गाउँपालिका

३.श्री लक्ष्मी माया गोम्देन, नि. प्रमुख प्रशासकिया अधिकृत, मैवाखोला गाउँपालिका

४. श्री जनक गिरी - Able foundation PVt. Ltd

५. श्री कैशर लिम्बु ( वडा अध्यक्ष )

६. श्री उमेश भट्टराई (इन्जिनियर)

७. श्री निर्देश ~~कोइ~~राला (सूचना प्रविधि अधिकृत)

८.श्री देविप्रसाद चापागाई (प्रशासन शाखा)

९.श्री - आर. के. ढुङ्गाना (शिक्षा विद)

१०.श्री कविता गिरी (स.म.वि.नि)

११. श्री ~~वि~~ अर्जुन कुमार घिमिरे (शिक्षा शाखा)

आमन्त्रित

१. मिलन दाहाल (करुणा फाउण्डेशन नेपाल)

२. ~~राम कुमार~~ इन्द्रमणी दाहाल

प्रस्तावहरुः

१. मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्ने सम्वन्धमा ,

२. मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्न समिति गठन गर्ने सम्वन्धमा

३. मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्न गोष्टि तथा बैठक संचालन सम्वन्धमा

४. विविध

निर्णयहरु

निर्णय नं. १:- मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गर्ने सम्वन्धमा छलफल गरियो साथै नेपाल एवल फाउण्डेशनमार्फत खटाइएको विज्ञहरुको सहयोग लिई छिटो भन्दा छिटो गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. २:- मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयार गर्न तपशिल बमोजिमको लैंगिक तथा सामाजिक समावेसीकरण रणनीति तयारी तथा कार्यन्वयन कार्यदल बनाउने निर्णय गरियो ।

तपशिल

१. अध्यक्ष-श्री लक्ष्मीमाया डाँगदेन (नि.प्र.प्र.अ.)
२. सदस्य-श्री अर्जुनकुमार घिमिरे (शिक्षाशाखा)
३. सदस्य श्री फुर्वा शेर्पा (स्वास्थ्य संयोजक)
४. सदस्य श्री देवी प्रसाद चापगाई (प्रशासन शाखा)
५. सदस्य श्री कविता गिरी (महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा)

निर्णय नं.३: मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समाबेसीकरण रणनीति तयार गर्न यस बैठकमा भएको छलफल तथा निर्णय अनुसार प्रतिवेदन तयार गरी यहि मिति २०८२-०२-०३ गते मस्योदा प्रतिवेदन प्रस्तुतिकरण कार्यशाला संचालन गर्ने निर्णय सर्बसम्मतिबाट गरियो । लैंगिक तथा सामाजिक समाबेसीकरण रणनीति समयमै तयार गर्न सम्बन्धित बिज्ञ समूह लाई पूर्ण सहयोग गर्ने निर्णय समेत गरियो ।

निर्णय नं.४: मैवाखोला गाउँपालिकाको लैंगिक तथा सामाजिक समाबेसीकरण रणनीति तयारी पश्चात कार्यपालिका र सभामा समेत छलफल गरि लैंगिक तथा सामाजिक समाबेसीकरण रणनीति अनुमोदन गर्ने निर्णय गरियो ।

## अनुसूची २ : फोटोहरु



सहजकर्ताबाट प्रस्तुतिकरण हुँदै




*कार्यशाला गोष्ठिको उदघाटन गर्दै पालिका अध्यक्ष*




*कार्यशाला गोष्ठिका सहभागिहरु*



कार्यशाला गोष्ठिका सहभागिहरु




*कार्यशाला गोष्ठिमा सहजिकरण गर्दै सहजकर्ता*